# बाल सन्देश

वर्ष १, अ १ | जिल्ला बाल कल्याण समिति दैलेखको चौमासिक बुलेटिन् | २०७३ मंसिर-फागुन


## जिल्लामा बाल बालिकाको क्षेत्रमा भईरहेका अभ्यासहरु

विद्यालय जाने उमेरका सबै बालबालिकाको विद्यालय शिक्षामा सरल र सहज पहुच बृद्धि गर्न विविध प्रयाहरु भएका छन् । जसले गर्दा जिल्लामा प्राथमिक तहका बालबालिकाको खुद भर्नादरमा बृद्धि हुदैछ । कक्षा छाड्ने, कक्षा दोहोऱ्याउने र विद्यालय शिक्षा बाहिर रहने बालबालिकाको संख्या अत्यन्त न्यून देखिन्छ ।

जिल्ला शिक्षा कार्यालयको एक प्रतिवेदन अनुसार जिल्लामा प्राथमिक तहको खुद भर्ना दर ९७ दशमलव ३ र आधारभूत शिक्षाको खुद भर्ना दर ८६ दशमलव ३७ रहेको देखिन्छ । प्राथमिक तह भन्दा उच्च शिक्षामा अध्ययन गर्ने संख्यामा भने कमि रहेको छ । जति कक्षा बढ्दै जान्छ त्यति कक्षा छाड्ने र विद्यार्थी संख्यामा कमि आउने गरेको जिल्ला शिक्षा कार्यालयका विद्यालय निरिक्षक धिरेन्द्र प्रसाद शर्माको भनाई छ । उनले थपे, माथिल्लो तहमा अध्ययन गर्न विद्यार्थी बाहिर जाने भएको हुदाँ पनि कमि देखिएको हुन सक्छ । तर, आधारभूत शिक्षाबाट बञ्चित भने कोही देखिदैनन् ।

जिल्लाको ग्रामिण क्षेत्रमा स्थापना गरिएका खोप केन्द्र, स्वास्थ्य चौकी, जिल्ला स्वास्थ्य कार्यालय र विभिन्न विषयगत निकायहरुको पहलमा अहिले आमा तथा बच्चाको स्वास्थ्यमा सुधार आएको जिल्ला स्वास्थ्य कार्यालयका खोप अधिकृत थीर प्रसाद रेग्मीले बताए । उनले थपे, अहिले २८ दिन भित्रका नवजात शिशुको मृत्युदर प्रतिहजार ३३ प्रतिशत रहेको छ भने १ वर्ष मुनी को बाल मृत्यु दर प्रतिहजार ४६ प्रतिशत रहेको छ ।

बालबालिकामा देखिने पुड्को दर ५ वर्ष भन्दा मुनीकामा प्रतिहजारमा ४६ प्रतिशत र ख्याउटेपन प्रतिहजारमा १० प्रतिशत रहेको रेग्मीको भनाई थियो । उनले थपे, संस्थागत सुत्केरी ७० प्रतिशत रहेको छ । जस्ले गर्दा अहिले मातृमृत्यु दरको संख्यामा कमि आएको छ भने २ वर्ष सम्म अनिवार्य बच्चा तौलिने गरिन्छ । बच्चाहरुमा हुने ख्याउटे, कुपोषण, पुड्को जस्ता रोगहरुमा कमी आएको रेग्मीले बताए ।

नेपाली समाजमा दिनहु महिला बाल तथा बालिकामाथि विभिन्न खाले हिँसाहरु भईरहेका छन् । जस्को मुख्य कारण बाल विवाहनै हो । सानो उमेरमा विवाह गर्ने र उमेर ढल्किदै गए पछि विचारमा परिवर्तन आई दाम्पत्य जीवनमा खटपट सुरु हुने गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी सहायक निरिक्षक गोद्या चौधरी को भनाई छ । घरवार बिग्रिएर सम्बन्ध विच्छेद सम्म पुग्नुका साथै कतिपयको घरवार भए पनि दाम्पत्य जीवन सन्तोषजनक नवितेको चौधरीले बताईन । उनले थपिन, अहिले सम्म प्रहरीको सक्रियतामा ४५ वटा बाल विवाह रोकिएको छ ।

**प्रकाशक**
नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
केन्द्रिय बाल कल्याण समिति
जिल्ला बाल कल्याण समिति,दैलेख

**सर्वाधिकार**
जिल्ला बाल कल्याण समिति
दैलेख

**सम्पादक**
निर्मल अधिकारी
डम्बर बहादुर रोकाय

**सह सम्पादक**
मोहन प्रसाद पौड्याल
गोविन्द बहादुर खत्री

**सल्लाहकार**
जिवनप्रसाद दुलाल (प्रमुख जिल्ला अधिकारी)
अनिता ज्ञावली (महिला विकास अधिकृत)

**समन्वय तथा सहकार्य**
सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल, दैलेख
सेभ द चिल्ड्रेन

# सम्पादकीय

बालबालिका भविश्यका कर्णधार हुन । बालबालिकाको सर्वाङ्गिण विकास विना राज्यको विकास असम्भव जस्तै हुन्छ । शिक्षामा सबै वर्ग र समुदायको पहुँच भए मात्रै देशको विकास सम्भव देखिन्छ ।

बालबालिकाले आफ्नो गति र क्षमता अनुसार रमाईलोसँग सिक्ने वातवरण भएको विद्यालय चाहान्छन् । त्यस्ता विद्यालयमा बालबालिका अनुकूलको सिकाइ वातावरण तयार गरिन्छ । बालबालिकाहरुको अन्तरनिहित क्षमताको विकास गरिन्छ । यसका अलवा यस्ता विद्यालयहरुमा बालबालिकाहरुले शारीरिक, मानसिक एवम् सम्बेगात्मक रुपले सुरक्षित तथा स्वस्थ वातावरण पाउने गर्दछन्

नेपालमा केन्द्रीय तथा स्थानीय निकायको समन्वय र सहयोगमा बालमैत्री विकासका पक्षमा धेरै कामहरु भएका छन् । बालश्रम सम्बन्धी गुरुयोजना र बालबालिकाको लागि १० वर्षे राष्ट्रिय कार्ययोजना अनुसार कार्यक्रम सञ्चालन हुन थालेको छ । तथापि बालबालिकाको विकास र बाल अधिकार संरक्षणमा उल्लेखनीय प्रगति हासिल गर्न थप प्रयास गर्नुपर्ने देखिन्छ ।

राज्यले बनाएका विभिन्न ऐन, नियम, कानुन र कार्यविधिले तोके अनुसार अहिले गाउ हुदै जिल्ला पूर्ण साक्षर गाविस घोषणाका अभियानहरु पनि चलिरहेका छन् । हरेक बालबालिकाको लागि आधारभूत शिक्षालाई अनिवार्य मानिएको छ । विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालय सेवा क्षेत्र भित्र ल्याउन विभिन्न पहलहरु भएका छन् । विद्यालय बाहिरका बालबालिकाको संख्यामा कमि आएको छ भने विद्यार्थीको खुद भर्ना दरमा बृद्धि भएको छ । विद्यालय उमेरका बालबालिकाहरु अनिवार्य विद्यालय जान थालेका छन् । स्थानीय स्तरमा बालबालिकाको सक्रियता सामाजिक सेवाका विभिन्न गतिविधिमा बढीरहेका छन् ।

# जिल्लामा बाल बालिकाको.......

जबरजस्ती करणी ३ वटा, बालबालिकाले आत्म हत्या गरेका घटना ३ र कारागारमा रहेका बालबालिकाको संख्या २ रहेको चौधरीको भनाई थियो ।

२० वर्ष उमेर मुनीको विवाहलाई राज्यले पनि निशेध गरेको सामाजिक सेवा केन्द्र सहयात्रा परियोजनाका परियोजना अधिकृत नवराज वि.सी.ले बताए । कानुनी रुपमा बन्धेज गरिए पनि जनचेतनाको अभावले गर्दा अहिले पनि वालविवाह रोकिएका छैनन् । उनले थपे, कानुन बनाएर मात्रै हुदैन् बत

ल क्लवको सङख्या ८७६ रहेको लामो समय देखि बाल बालिकाको क्षेत्रमा काम गरेको संस्था सामाजिक सेवा केन्द्र सोसेक नेपालको एक प्रतिवेदनमा उल्लेख गरिएको छ । जस्मा १३ हजार १ सय ३५ बाल बालिका आवद्ध भएका छन् । उक्त

प्रतिवेदनले हराएर फेला परेका बालबालिका ७ जना, प्राकृतिक प्रकोपमा परेका १ र दुर्घटनामा परी ज्यान गुमाएका २ जना उल्लेख गरेको छ । जिल्लामा यती धेरै बाल क्लव गठन भई आफ्नो समुदायमा सकारात्मक कामको शुरुवात गर्ने गरेता पनि जिल्ला बाल कल्याण समितिमा आवद्ध भने १ सय ४१ मात्रै भएको महिला तथा बाल बालबालिका अधिकृत अनिता ज्ञावलीको भनाई थियो ।

# नगरौ बिहे को कुरा : भएको छैन बिस बर्ष पुरा



मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा १६ ले बालविवाह लाई बर्जित गरेको छ । बाल विवाहले बाल बालिकाको जीवनमा प्रतिकूल असर पार्ने भएकाले यो अन्तर्राष्ट्रिय स्तरमै बर्जित छ । यो घोषणापत्रले विवाह केटाकेटीको उमेर पुगेपछि उनीहरूको पूर्ण सहमतिबाट मात्र गर्नुपर्दछ भन्ने मान्यता राख्दछ । त्यसै गरि महिलाविरुद्ध हुने हिंसा अन्त्य गर्ने अन्तर्राष्ट्रिय महासन्धिको धारा १६ अनुसार बाल विवाह र बाल मगनीले कुनै पनि कानुनी मान्यता पाउँदैन । शारीरिक, मानसिक र सामाजिक रुपमा परिपक्क नभइसकेका किशोर किशोरीहरुको बीचमा हुने विवाह नै बालविवाह हो ।

त्यसै गरि UNFPA ले गरेको एउटा अध्ययनले १५ देखि १९ वर्ष उमेरका किशोरीहरूको मृत्युको एउटा प्रमुख कारण सानै उमेरमा गर्भवती हुनु हो भन्ने तथ्य प्रस्तुत गरेको छ । त्यस्तै २० वर्षमा विवाह भएका महिला भन्दा १५ वर्ष उमेर नपुग्दै विवाह भएका किशोरीहरू गर्भिणी अवस्थामा वा बच्चा जन्माउँदा मर्ने सम्भावना पाँच गुणा बढी हुन्छ । त्यस्तै UNFPA को अर्को अध्ययन (सन् २००४) ले सानै उमेरमा यौनसम्पर्क राख्नु र बच्चा जन्माउनु तथा धेरै बच्चा जन्माएका कारण महिलाहरुको आङ खस्ने गरेको देखाएको थियो । जनसंख्या तथा स्वास्थ्य सर्वेक्षण (२००६) अनुसार २० वर्ष उमेर पुगेकी आमाले जन्माएको बच्चा भन्दा २० वर्ष नपुगेकी आमाले जन्माएको बच्चा जन्मिनासाथ र ५ वर्ष नपुग्दै मर्ने सम्भावना करिब दोब्बर बढी हुन्छ । त्यसै गरि जनसंख्या तथा स्वास्थ्य सर्वेक्षण (२०११) ले नेपालमा २० देखि २४ बर्ष उमेर समुहका ४१ प्रतिशत महिलाहरुको बिवाह १८ बर्ष पुग्नु अगावै भएको देखाएको छ । त्यसै गरि यहि उमेर समुहका ११ प्रतिशत पुरुषहरुको १८ बर्ष भन्दा कम उमेरमा भएको देखिन्छ । यी विभिन्न अनुसन्धानहरुका कारणले नै होला हाल विश्वव्यापी स्तरमा नै बालविवाहलाई सहश्राब्दी विकास लक्ष्य (MDGs) एक बाधकको रुपमा पहिचान गरि दिगो विकासका लक्ष्यहरुको कार्यसुचि (SDGs ,२०१६-२०३०) सम्म बालबिवाहलाई अन्त्य गर्ने बिषयलाई प्राथमिकताका साथ समावेश गरिएको छ ।

यहि क्रममा सन २०१३ को सेप्टेम्बरमा संयुक्त राष्ट्रिय संघ मानवअधिकार समितीबाट बालबिवाह तथा जबरजस्ती हुने बिवाह उन्मुलन तथा रोकथाम को सबलीकरण ःचुनौती, उपलब्धी, असल अभ्यासहरु र कार्यान्वयनमा रहेका समस्याहरु विषयक प्रस्ताव र यस पछि सोहीबर्ष २०१३ को डिसेम्बरमा संयुक्त राष्ट्रसंघको ६८औं साधारणसभाबाट बालबिवाह तथा जबरजस्ती हुने बिवाह संकल्प प्रस्ताव पारित गरिए पछि बालबिवाह बिरुद्ध कार्यक्रमहरु विश्वव्यापीरुपमा प्राथमिकतामा परेका छन । नेपालले पनि उक्त संकल्प प्रस्ताव लाई नेपाल सरकारले सहप्रायोजन गरि बालबिवाह विरुद्ध प्रतिबद्धता जाहेर गरेको छ । बालविवाह लाई कसरी अन्त्य गर्न सकिन्छ भनेर सार्क स्तरिय कार्यशाला गोष्ठीहरु सम्पन्न भई रणनैतिक योजनाहरु समेत बनाईएका छन । बालविवाह अन्त्य गर्नका लागी राष्ट्रिय रणनैतिक योजना २०७२ समेत नेपाल मंत्रिपरिषदबाट पारित भई सकेको छ ।

नेपालको संविधान २०७२ को धारा ३९को उपधारा ५ ले कुनै पनि बालबालिकालाई बालविवाह,गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न नपाईने गरि बालबालिकाको हकमा स्थापित गरेको छ ।बालबालिका सम्बन्धि राष्ट्रिय रणनिति २०६९ले बालविवाहलाई बालबालिकाको हक अधिकार प्रचलनका लागी बाधकको रुपमा पहिचान गरेको छ । नेपालमा पनि बिवाहका लागी हुनु पर्ने न्युनतम उमेर मुलुकी ऐन २०२० देखि नै तोकीदै आएको छ र समयानुकुल उमेर परिवर्तन पनि हुदै आएको छ । मुलुकी ऐन २०२० जारि हुदाका बखत बिवाह गर्ने महिलाको कानुनी उमेर १४ बर्ष नपुगेकी र पुरुष १८ बर्ष नपुगी विवाह गर्न नपाईने व्यवस्था भएको मा पछि महिलाको उमेर १६ बर्ष कायम गरिएको थियो । त्यसपश्चात मुलुकीऐनको एघारौ संशोधनमा तपाई हामीले थाहा पाइ रहेको संरक्षकको मंजुरी भए १८ बर्ष र संरक्षकको मंजुरी नभएमा २० बर्ष उमेर तोकीयो । तर पछिल्लो समयमा केहि नेपाल कानुनलाई संशोधन गर्न बनेको ऐन २०७२ ले मुलुकी ऐन २०२० मा भएको संशोधन गरि बिवाह गर्ने उमेर न्युनतम२० वर्ष कायम गरेको छ । २० वर्ष उमेर नपुगेका बालक र बालिका आफैँले राजीखुसीले अथवा आमाबुबा वा अभिभावकको स्वीकृतिमा विवाह गरे भने त्यस्तो विवाहलाई बाल विवाह नै मानिन्छ । उक्त कानुनी व्यवस्था उलंघन गरेमा बालबालिकाको उमेर अनुसार बढिमा तिन बर्ष सम्म कैद र दश हजार रुपैया सम्म

जरिवाना गर्न सक्ने व्यवस्था समेत गरिएको छ । जानी जानी बालविवाहको काम गर्ने लमी, पुरोहित र अरु सहयोगीहरुलाई १ महिना सम्म कैद वा एक हजारसम्म जरिवाना तोकेको छ ।

बालबिवाह का कारण बालबालिकामा पर्ने असरहरु : बालबालिकाहरुलाई बालविवाहका कारण हुने शारिरीक, मानसिक, व्यतिगत, सामाजिक असरहरुले जिवनभरिका लागी नकारात्मक असर पुरयाउछ जस्तै :

- बाबु आमाको माया ममता नपाउदा त्यसको नकारात्मक असर जिबन भरीनै पर्दछ ।
- शारीरिक तथा मानसिक विकासमा नकारात्मक असर पुग्दछ ।
- बालिकाहरुको स्वास्थमा नकारात्मक असर पुग्दछ
- बाल मृत्यु दरमा बृद्धि
- शिक्षा तथा विकासको अवसरबाट वञ्चित
- बहु विबाहको एउटा कारण
- रोजगारीको अवसरबाट वञ्चित

बालविवाह भएको देख्ने जोसुकैले थाहा पाएको तीन महिनाभित्र उजुरी नजिकैको प्रहरी चौकीमा दिन सक्छ । दैलेख जिल्ला अदालत बार एशोसियसनका पुर्व अध्यक्ष अधिवक्ता सुरेन्द्र अधिकारीका अनुसार २०७०/२०७१ सालमा दैलेख जिल्ला अदालतमा परेको ८३ थान सम्बन्ध विच्छेद मुद्धा मध्ये बालबिवाहका कारणले ५६ थान मुद्धा दर्ता भएको थियो । यसैबाट थाहा हुन्छ बालविवाहको नेपालमा कस्तो भयावह स्थीति रहेको छ । नेपालमा बालबिवाहलाई कानुनतः दण्डनिय अपराध मानेता पनि यो प्रचलनलाई पुर्णरुपमा हटाउन सकेको छैन। यसले परम्परागत प्रथाको रुप लिएको छ जसले गर्दा कतिपय समाजमा बालबिवाहलाई सहजरुपमा लिएको पाईन्छ । सचेतनाको कमी हो की किन हो अझै पनि कतिपय स्थानमा शिक्षक, बुद्धिजिवी,राजनितिक कर्मी लगायतका व्यक्तिहरु त्यस्ता बालविबाहमा प्रत्यक्षरुपमा संलग्न भएको पाइन्छ ।

विवाहको लागी कानुनतः उमेर अभिभावकको मंजुरीले १८ बर्ष र आफु खुशि बिवाह गर्ने उमेर २० बर्ष तोकिएको छ भन्ने अझै समाजमा भ्रम रहि रहेको छ । केहि दिन अगाडी नेपालकै लोकप्रिय रहेको राष्ट्रियस्तरको पत्रिकामा समेत रोकिएन बालविवाह नामक शिर्षकमा रहेको लेखमा समेत अभिभावकको मंजुरीले १८ बर्ष र आफु खुशि बिवाह गर्ने उमेर २० बर्ष तोकिएको छ भनी उल्लेख गरिएको थियो । यसमा मैले कसैको बौद्धिक क्षमतामाथि प्रश्न चिन्ह लगाउन खोजेको होईन तर हामी सबैलाई पलपलको खबर दिने, सुचना दिने माध्यममा नै गलत प्रकाशन भयो भने पाठक अन्धकारमा रहन्छन कि भन्ने मात्र हो ।

समाजले दिएको उपनाम हामी बौद्धिकबर्गहरुकै बिचमा त अझै सचेतना पुग्न सकेको छैन भने गाउ दराजमा झन के स्थीति होला । फेरी बालबिवाहलाई सम्बोधन गर्ने विषय भनेको बहुपक्षिय सरोकारको विषय हो । तसर्थ सरकारका सम्बद्ध निकाय, विकासका साझेदार संस्था,गैरसरकारी संस्था,नागरिक समाज तथा स्वंयम बालबालिकाको अर्थपुर्ण सहभागिता,सक्रियता ,सहकार्य समन्वय, प्रतिवद्धतालाई एकिकृत रुपमा लिएर जान अत्यावश्यक रहेको छ । अन्त्यमाबालबिवाहलाई कानुनले नै कानुनी अपराध र सामाजिक अपराध मानेको र नेपाल सरकारले सन २०३० सम्ममा नेपालमा बालविवाह अन्त्य गर्ने लक्ष्य लिए अनुरुप बालविवाह अन्त्यका लागी तपाई हामी सबै एक जुट हुन अति आवश्यक रहेको छ ।बालविवाह रोक्नका लागी पहिले हामी आफनै घरबाट शुरुवात गरौं । आउनुहोस हामी सबै मिलि एकै स्वरमा भनौं "नगरौं विहेको कुरा भएको छैन विस बर्ष पुरा"

***अधिवक्ता बिनु श्रेष्ठ/हाल सेभ द चिल्ड्रेन दैलेखमा कार्यरत***

# बाल अधिकारमा आधारित योजना तर्जुमाका लागी सरोकारवाला निकायसंग अभिमूखीकरण

जिल्ला बाल कल्याण समितिको समन्वय र केन्द्रीय बाल कल्याण समितिको आयोजनामा यही मंसिर ७ गते सरोकारवाला निकायसँग अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ । बाल अधिकारको दृष्टिकोणबाट स्थानीय तहको योजना तर्जुमा प्रक्रिया वारे जिल्लास्तरीय सरोकारवालालाई जानकारी गराउने उद्धेश्यले अभिमूखीकरण कार्यक्रम सञ्चालन गरियको थियो ।

बाल अधिकारमा आधारित सहभागितामूलक योजना तर्जुमा प्रक्रिया वारे छफलफल गर्नुका साथै जिल्ला तहका सरोकारवालाहरु

लाई उत्प्रेरित गर्ने उदेश्का साथ कार्यक्रम सञ्चालन गरिएको श्रोत व्यक्ति डम्बर रोकायले बताए । उनले थपे, कार्यक्रममा बाल वचाउँ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता सँग सम्वन्धित अधिकारहरु प्राप्त गर्न नसकेका कारण अझै पनि बालबालिकाहरुले त्यस्ता समस्याहरु भोगीरहेका छन् ।

स्थानीय निकायमा संचालन हुने बाल अधिकारमा आधारित र बाल मैत्री योजनाको छनौट तथा कार्यान्वयन विधि र प्रक्रिया सहभागितामूलक योजना तर्जुमानै भएको स्थानीय विकास अधिकारी डिलाराम पन्थीको भनाई थियो । उनले थपे, विधि तथा प्रक्रिया अनुसार बालबालिका तथा सवै सरोकारवालाहरुको सहभागितामा योजना तर्जुमा गर्दा बाल अधिकार सुनिश्चित हुन्छ । वस्ती, वडा, तथा गाविस स्तरमा योजना छनौट गर्दा स्थानीय तहमा संचालन हुने परिषदहरुलाई नतिजामूलक बनाई बाल अधिकारमा आधारित योजना छनौट गर्नुपर्ने पन्थीले बताए ।

बाल अधिकारमा आधारित योजना छनौट गर्न जिल्ला विकास समितिले मार्ग दर्शन तयार गरि गाउ विकास समिति तथा विषयगत कार्यालयलाई उपलब्ध गराईसकेको पन्थीको भनाई थियो । जिल्ला विकास समितिले उपलब्ध गराएको मार्ग दर्शनका आधारमा स्थानीय निकायमा हुने बजेट बाडफाड र कार्यान्वयनमा बालबालिका लक्षित योजनाहरुको छनौट गर्नुपर्ने जिल्ला बाल कल्याण समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी लुकबहादुर क्षेत्रीले बताए ।

स्थानीय तहमा बालबालिकाका सवालहरु पहिचान गरि स्रोत परिचालन गर्न दक्ष जनशक्तिको अभावका कारण बाल अधिकारलाई सुनिश्चि हुने गरी जिल्लामा बालबालिका संग सम्बन्धित योजना तर्जुमा गर्न नसकिएको सरोकारवालाको गुनासो थियो ।
समस्या तथा सवालहरु सहभागितामूलक ढंगले पहिचान गर्नुका साथै घर परिवार र समुदायमा परेको असर विश्लेषण गर्दै बाल अधिकारमा आधारित योजना तर्जुमा प्रक्रियालाई प्रभावकारी वनाउने सरोकारवालाहरुले प्रतिवद्धता जनाएका थिए ।

उक्त अभिमुखिकरण कार्यक्रममा जिल्ला वाल कल्याण समितिका सदस्य, जिविस, नगरपालिका, बाल मैत्री स्थानीय शासन सम्पर्क व्यक्ति, जिल्लामा बालबालिका सम्बन्धि काम गर्ने सरकारी तथा गैरसरकारी संघ संस्थाका प्रमुख तथा प्रतिनिधि सहित जम्मा ३५ जनाको सहभागीता रहेको थियो ।

# जिल्लास्तरीय बाल संरक्षण तथा घटना व्यवस्थापन तालिम

सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल, दैलेख र सेभ द चिल्ड्रेनको साझेदारीमा जिल्ला बाल कल्याण समिति दैलेखले क्षमता विकासका लागी बाल संरक्षण तथा घटना व्यवस्थापन तालिम सम्पन्न गरेको छ । जिल्लामा बाल अधिकारको प्रवर्द्धन, संरक्षण र बालवालिका संग काम गर्ने सरोकारवाला निकायहरुको क्षमता विकास गर्ने उदेश्यले तालिमको आयोजना गरिएको हो ।

उक्त तालिममा मुख्य गरी बाल संरक्षण तथा घटना व्यवस्थापन, बालबालिका तथा वाल विकास, बाल दुर्व्यवहार, र यसका चरणहरु सेवा प्रदायक निकायको नक्सा न र सिफारिस प्रवाह, बालबालिका संग संञ्चार, घटना पहिचान र दर्ता, परिवार र बालबालिकाको लेखाजोखा, स्याहार योजना निर्माण, कार्यान्वयन समीक्षा र समापन लगायतका विषय वस्तुमा केन्द्रित भएर तालिम संचालन गरिएको थियो ।

अधिकाँस सहभागीहरुले बालवालिका सँग सम्बन्धित जुनसुकै प्रकारका हिँसाजन्य घटनाहरुको न्यूनकरण गर्न स्थानीयस्तरमै बालबालिकाको क्षमता विकास गर्न आवश्यक भएको बताए । समाजमा हुने घटनाको पहिलो श्रोत वा जानकारी उ स्वयं र परिवार हुन्छ । जो पिडित हो उ आफै कानुनी प्रक्रियामा आउने हो भने त्यस्ता घटनालाई सहयोग गर्ने दोस्रो जिम्मेवारी सरोकारवालाको भएको सहभागीको भनाई थियो । अहिले पनि समाजमा हुने महिला तथा बालबालिका सँग सम्बन्धित घटनाहरु सम्बन्धित निकायमै नपुगेर टुङ्गिने गरेका छन् ।

जोखिममा रहेका बाल बालिकाहरुको लेखाजोखा र स्याहार योजनावारे सरोकारवाला निकायलाई जानकारी हुनुपर्ने महिला तथा बाल बालिका अधिकृत अनिता ज्ञावलीको भनाई थियो । यस तालिमले सरोकारवाला निकायको क्षमता विकास गर्नुका साथै समाजमा महिला तथा बालबालिका माथि हुने सबै प्रकारका दुर्व्यवहार न्यूनीकरण गर्न सहज हुने ज्ञावलीले बताईन् ।

फाल्गुण २ देखि ४ गते सम्म संचालित ३ दिने तालिममा महिला तथा बालबालिका कार्यालय, केन्द्रिय तथा जिल्ला बाल कल्याण समिति, जिल्ला प्रहरी कार्यालय, नगरपालिका, जिविस, गैसस, जिशिका लगायतका प्रतिनिधिहरुको सहभागीता रहेको थियो ।

बालबालिका संग कार्य गर्ने सरकारी तथा गैर सरकारी संस्थाहरुलाई लक्षित गरी संचालन गरिएको उक्त तालिमलाई प्रमुख जिल्ला अधिकारी विन प्रसाद दुलाल, महिला तथा बाल बालिका अधिकृत अनिता ज्ञावली, जिल्ला शिक्षा अधिकारी विष्णुप्रसाद अधिकारी, बाल अधिकार स्रोत व्यक्ति डम्बर वहादुर रोकाय र सहयात्रा परियोजना संयोजक रत्नबहादुर बुढाले तालिमको सहजीकरण गरेका थिए । उक्त तालिममा ४२ जनाको सहभागीता रहेको थियो ।

# द्वन्द्व प्रभावित बालबालिकाको लागि राहत वितरण

शान्ति विकास कोष र केन्द्रिय बाल कल्याण समितिको साझेदारीमा जिल्ला बाल कल्याण समितिले द्वन्द्व प्रभावित बालबालिकाको लागि राहत वितरण गरेको छ । द्वन्द्व प्रभावित बालबालिकाको शिक्षा, स्वास्थ्य र जीविकोपार्जनमा सघाउ पुऱ्याउने उद्धेश्यले राहत वितरण गरिएको जिल्ला बाल कल्याण समिति अन्तर्गत द्वन्द्व प्रभावित बालबालिकाको पुनर्स्थापना तथा पुनःएकिकरण परियोजनाका परियोजना अधिकृत मोहन पौड्यालले बताए ।

विगतको १० वर्षे द्वन्द्वका कारण केही बालबालिकाले आफ्ना अभिभावक गुमाए त केहीले विस्थापितको पिडा सहनु पऱ्यो । अधिकाँस बालबालिकाले आधारभुत शिक्षा पनि हासिल गर्न पाएनन् । शान्ति स्थापना भएको १० वर्ष विति सक्यो । तर, अझै त्यस्ता पिडित बालबालिकाले आर्थिक तथा साजिक अभाव झेलिरहेका छन् ।

जिल्ला बाल कल्याण समिति दैलेखको तथ्याँक अनुसार जिल्लामा १ हजार ८ सय २७ द्वन्द्व प्रभावित बालबालिका रहेका छन् । द्वन्द्व प्रभावित बालबालिकालाई गत आ.व.मा ५ सय ६ जनालाई २८ लाख ११ हजार र चालु आ.व. मा ६ सय ७३ जनालाई ३८ लाख ७४ हजार राहत उपलब्ध गराईएको पौड्यालको भनाई छ ।

उक्त सहयोग रकम शिक्षा, स्वास्थ्य र जीविकोपार्जनका लागि रु ५ हजार, ८ हजार र १५ हजार सम्म उपलब्ध गराइएको थियो । परियोजनाले विद्यालयमा शान्ती क्षेत्र स्थापनाका लागि अभिमुखिकरण, द्वन्द्व प्रभावित बालबालिकाको तथ्याँक अद्यावधिक लगाएतको काम गरेको पौड्यालले बताए । उनले थपे, हिजो राज्य वा द्वन्द्वरत पक्षलाई सहयोग गरे वा नगरेको आरोपमा परिवार गुमाएका वा विस्थापित भएकाको लागि गरिएको यो राहत सानो रकम भए पनि द्वन्द्वको पिडा मेटाउन सहयोग गर्ने अपेक्षा गरिएको छ ।

# गजल

रत्न कारलाई वालमिकि बनाउने गुन छ स्कुलमा
लगाउदानी नविझाउने रेसमी उन छ स्कुलमा
ज्ञान प्रदान गरिदिने शिक्षकहरुको गुन छ स्कुलमा
शिक्षा अन्य बनाउने रेशमि उन छ स्कुलमा

*- भरत बोहरा*

दिन पनि रात लाग्छ, तिमी नहुदाँ
किन त्यसै बात लाग्छ, तिमी नहुँदा
खै अह मैले त, पियको छैन मदिरा
तर पनि मात लाग्छ, तिमि नहुदाँ
पिउन त खोजेकै हो, यौनको पानी
खाली शून्य हात लाग्छ, तिमि नहुदा

*- राजन कुमार वि.क.*

# हुदै छ बालबालिकाको क्षमता विकास

वडाखोला गा.वि.स.मा बालबालीका सम्बन्धि काम गर्ने कुनै पनि निकाय नभएपछि बालबालिकाहरुले पनि राम्रा काम गर्न सक्छन् भनेर अभिभावक तथा अन्य सरोकारवाला निकायले सोचेका पनि थिएनन । विद्यालयस्तरमा बाल क्लव गठन गरिए पनि उनीहरुको क्षमता विकास विना स्थानीयस्तरमा बाल क्लवको सक्रियता शून्यनै थियो ।

बाल अधिकार भनेको के हो ? बाल अधिकार हन्न कसरी र कसबाट हुन्छ भन्ने विषयमा बाल बालिकालाई कुनै जानबकारी थिएन । बाल विवाहले समाज र उ स्वयंलाई कस्तो असर पर्छ भन्ने जानकारी नभएकै कारण अभिभावकको करकापमा बाल विवाह हुने गरेका थिए । त्यसै गरी समाजका अन्य कुनै पनि क्रियाकलपामा उनीहरुको सहभागीता हुदैनथियो ।

अहिले प्रत्येक वडामा वडास्तरीय बाल क्लव र गाविसस्तरीय बाल सञ्जाल गठन भएका छन् । बाल क्लवको सक्रियतामा बाल अधिकार तथा बाल दुर्व्यवहारको बारेमा सचेतीकरण कार्यक्रम सञ्चालन हुन थालेका छन् । विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवस मनाउदा होस वा सांस्कृतीक कार्यक्रम, हाजिरीजवाफ प्रयोगिता, वक्तृत्वकला प्रतियोगिता, खेलकुद कार्यक्रम संचालन गर्दा होस सामाजिक सेवा केन्द्र लगायतका संघ संस्थाले सहयोग गर्दै आएका छन् । बालबालीकाहरुलाई विभिन्न कार्यक्रममा सहभागी गराउनको लागि सहयोग गरिएको सामाजिक सेवा केन्द्रका दुर्गा गिरीले बताईन् । उनले थपिन, बाल विवाहले घर परिवार र समाज माथि पर्ने असरको बारेमा बालबालिका जानकार भएका छन् ।

बाल क्लवहरुले गाविसस्तरमा विभिन्न दिवसीय कार्यक्रम सञ्चालन गर्दछन् । जिल्ला बाल कल्याण समितिमा बाल कल्व दर्ता भई गाउ परिषदमा बालबालिका लक्षित बजेटलाई विनियोजन तथा कार्यान्वयन गर्न पहल गरेका छन् । गाविसमा प्रस्तावना तथा कार्ययोजना बनाई गाउ परिषदबाट बजेट प्राप्त गरेपछि बाल सञ्जालले वडास्तरीय भलीवल प्रतियोगिता, खेलकुद प्रतियोगित लगाएतका गतिविधि सञ्चालन गरेको गाविसस्तरीय बाल सञ्जालका अध्यक्ष ज्वाला विष्टले बताए । उनले थपे, गाविसबाट प्राप्त बजेटले समुदाका विपन्न परिवारका ३० बाल बालिकाहरुलाई विद्यालय पोषाक वितरण गरिएको छ ।

बाल बालिकाहरुलाई पर्यावरणीय अधिकारको बारेमा सचेतनामूलक कार्यक्रम संचालन गर्दा बाल बालीकाहरुले बातावरण जोगाउनको लागि वृक्षारोण, पानीका मुहान सरसफाई, फोहोर फाल्ने खाल्डा निर्माण, भाडा सुकाउने चाङ लगाएत स्वास्थ्य तथा सरसफाई जस्ता कार्यक्रम संचालन गरिएको विष्टको भनाई थियो । उनले थपे, हाल वडाखोला गा.वि.स.मा बालबालिकाहरु विद्यालय भन्दा बाहिर रहेका छैनन् भने विद्यालय छाड्ने बालबालिकाहरु पनि न्यून रहेका छन् । बाल विवाहमा पनि न्यूनीकरण आएको छ । बालबालिकाहरु माथि घरपरिवार तथा विद्यालयमा हिंसा हुने गरेको छैन । बाल क्लवले देउसी भैलो जस्ता सांस्कृतिक कार्यक्रममको लागि पोषाक खरीद गरेको छ ।

# सामाजिक कार्यमा बाल क्लवको सक्रियता बढ्दै

विगतमा मनोरञ्जनात्मक र खेलकुद क्रियाकलाप सञ्चालन गर्दै आएका बाल क्लवहरु अहिले सामाजिक कार्यमा पनि सक्रिय बनेका छन् । समुदायमा सार्वजनिक धारा, बाटो कुलो निर्माण, सरसफाई लगायतका गतिविधिमा उनीहरुको भूमिका बढ्दै गएको छ ।

विन्ध्यावासीनी गाविसको वडा नं १ र २ का बाल क्लवले भनभने देखि माथिल्लो टाटासम्म गोरेटो बाटो मर्मत गरेका छन् । त्यसैगरी वडा नं २ को बाल क्लव र युवा क्लव मिलेर सामूहिक वृक्षारोपण कार्य सञ्चालन गरे । अहिले झरना बाल क्लवले आफ्नो समुदायमा स्वास्थ्य तथा सरसफाई अन्तर्गत प्रत्येक घरमा फोहोर फाल्ने खाल्डा, भाडा सुकाउने चाङ र जुठ्यान बनाउन जुटेका छन् । उनीहरुले विहान, साझ र विदाको दिनमा हरेक सदस्यले आ आफ्नो घरमा करेशावारीमा काम गर्नुपर्ने नियम पनि बनाएका छन् । समुदाय परिवर्तनका लागि केही गर्नु पर्छ भन्ने सोचाई बोकेका बाल क्लव सदस्यहरु भन्छन् हामीले नगरे कसले गर्ने, आज नगरे कहिले गर्ने ।

सकारात्मक सोचका साथ समाज परिवर्तन गर्न आफ्नो भूमिका रहने गाविसस्तरीय बाल सञ्जालकी अध्यक्ष भविसरा थापाले बताईन् । उनले थपिन, पहिला बाल क्लवको सक्रियता नहुदाँ राज्यले ब्यवस्था गरेको बालबालिका लक्षित बजेट नत कार्यविधिले तोके अनुसार नै विनियोजित हुन्थ्यो नत विनियोजित बजेट सदुपयोग गरिन्थ्यो । अहिले कार्यविधिले तोके अनुसार बजेट विनियोजन गरियको छ । उनले थपिन्, बालबालिकाको अधिकारका क्षेत्रमा काम गर्न पाउदा आनन्द र खुसी दुबै पाएकी छु ।

बाल क्लवको सक्रियता बढदै गए पछि गाउ परिषदबाट आ.व. ०७२/०७३ मा १ लाख ४८ हजार र आ.व. ०७३/०७४ मा १ लाख ६९ हजार ६ सय २५ विनियोजन गरियो । आ.व. ०७४/०७५ को लागि ३ लाख १८ हजार रकम बाल बालिकाको लागि प्रस्ताव गरिएको छ ।

विनियोजित बजेट बाट क्लवले विभिन्न क्षमता विकासका कार्यक्रम संचालन गरेका छन् । उक्त बजेट बाट ७ वटा विद्यालयमा खेलकुद सामाग्री वितरण गरियो भने प्रत्येक वडामा २/२ जनाका दरले विपन्न परिवारका १८ जना बालबालिकालाई पोषाक वितरण गरिएको थापाको भनाई थियो ।

बाल क्लवले बाल भित्ते पत्रिका प्रकाशनको शुरुवात गरेको छ । उक्त पत्रिकामा समुदायमा भएका स साना घटनाहरु पनि प्रकाशित हुदै आएका छन् । पत्रिका प्रकाशनले बालबालिकाहरुको अतिरिक्त क्षमताको विकास पनि भएको छ ।

बाल क्लवको सक्रियता बढे पछि बाल विवाहमा न्यूनिकरण भएको अध्यक्ष थापाले बताईन् । गाविसमा अहिले सम्म एउटा बाल विबाह रोकिएको र अरु हुन नदिन बाल क्लवले सक्रिय भूमिका खेलेको थापाको भनाई थियो ।

# सक्रिय बन्दै गाउ बाल सञ्जाल

पश्चिम दैलेखमा अवस्थित चामुण्डा गाविस भौगोलिक तथा जनसँख्याको दृष्टिकोणले जिल्लाकै ठुलो गाविस हो । त्यस मध्ये पनि यस गाविसमा फरफरक जातजातीको बसोबास रहेको छ । बाहुन र क्षेत्रीको बाहुल्यता रहेको उक्त गाविसमा दलित र जनजातिको पनि उल्लेख्य उपस्थिती देखिन्छ । ठुलो गाविस भएकै कारण पनि होला सिमान्तकृत समुदायका महिला तथा बालबालिकाको सवालमा नेतृत्वको ध्यान पुग्दैन्थ्यो । हरेक वर्ष स्थानीय निकायमा बजेट विनियोजन गरियो तर कहिल्यै पनि महिला तथा बालबालिकाका समस्याहरु लाई सम्बोधन गरिएन् ।

सेभ द चिल्ड्रेनको सहयोगमा सामाजिक सेवा केन्द्र, सोसेक दैलेखको सहयात्रा परियोजनाले उक्त गाविसमा युवाहरुको लागि विभिन्न क्षमता विकासका गतिविधि सञ्चालन गरे । त्यस्ता क्षमता विकासका कार्यक्रमले बालबालिकाहरुमा उत्साह जगायो र गोविन्द सुवेदीको अध्यक्षतामा गाविसस्तरीय बाल सञ्जालको गठन गरियो । साझेदार संस्थाले वाल सञ्जालको कार्यालय स्थापना गर्न सहयोग गर्‍यो । अहिले बाल सञ्जालका गतिविधि हेर्दा लाग्छ समुदायका हरेक ब्यक्तिमा केहि न केहि सिर्जनशिलताहरु लुकेर रहेका हुन्छन् । त्यसको उजागर गर्न सक्ने हो भने समाज परिवर्तनका लागि ठुलै योगदान दिन सक्छन् ।

कार्यालयको एउटा भित्तामा सञ्जाल समितिको फोन नम्बर सहितको नामावली छ । अर्को भित्तामा सञ्जालले गर्ने वार्षिक कार्यक्रमको फेहरिस्त हेर्न सकिन्छ । काम गर्न सजिलो होस भनि कार्यालय ब्यवस्थापन पनि राम्रै सँग गरिएको छ । हरेक दिन उक्त कार्यालय पालो मिलाएर सञ्जालका सदस्यहरुले खोल्ने गर्दछन् । जोखिममा रहेका बालबालिकाको लागि आएका मुद्धाहरु मासिक बैठकमा छलफल गरिन्छ र समाधानका प्रयासहरु खोजिन्छ ।

विभिन्न निकायबाट प्राप्त अनुदानलाई जोखिममा रहेका बालबालिकाको सहयोगमा खर्च गर्ने गरिएको अध्यक्ष सुवेदीले बताए । जन्मदर्ता अभियान, बाल भेला, नियमित बैठक, भर्ना अभियान, बृक्षारोपण, तालिम, खेलकुद लगाएतका गतिविधि सञ्जालले सञ्चालन गर्दै आएको सुवेदीको भनाई थियो । उनले थपे, आधारभूत शिक्षा बाट कोहि बालबालिकालाई नछुटाउने र जोखिममा रहेका लाई सहयोग गर्ने हाम्रो मुख्य उद्धेश्य रहेको छ ।

कम उमेरमा विहे गर्दा आउन सक्ने समस्या प्रति उनीहरु त्यत्तिकै सचेत छन् । अहिले हरेक टोल टोलमा विहे वारी २० वर्ष पारी भन्ने अभियान सञ्चालन गर्दै छन् । राज्यले बनाएको नीति र सानो उमेरमा विहे गर्दा भविश्यमा पर्न सक्ने असरको बारेमा जानकारी नहुदा पनि बाल विहे हुने गरेको सुवेदीको भनाई थियो । अभिभावक भन्दा पनि किशोर किशोरीलाई राज्यको नीति र बाल विवाहका असरको जानकारी गराउन आवश्यक भएको उनले थपे ।

गाविसले बालबालिकाको लागि बजेट ब्यवस्था गरेको हुन्छ भन्ने जानकारी नभएकी सञ्जालकी सदस्य तारा शाही अहिले गाविस बाट बालबालिकाको क्षेत्रमा बजेट विनियोजन गराउन लागि पर्छिन् । हाम्रो लागि राज्यले नै बजेटको ब्यवस्था गरेको छ । बालबालिका भविश्यका कर्णधार हुन त्यसैले उनीहरुको क्षमता विकासका साथै सामाजिक कार्यमा अग्रसर हुन राज्यले नै सहयोग गर्नुपर्ने उनको भनाई थियो । जोखिममा रहेका बालबालिकाको सहयोग र सम्वर्द्धनका लागि आफ्नो सहयोग सधैं रहिरहने सहयात्रा परियोजनाका सहायक मिल अधिकृत भूपेन्द्र खत्रीको भनाई थियो ।

# ३४ औं साक्षर तथा विद्यालय शान्ति क्षेत्र जिल्ला घोषणा

"हाम्रो दैलेख जिल्ला, गुणस्तरीय शिक्षाको राम्रो किल्ला" भन्ने मुल नाराका साथ साक्षर तथा अनिवार्य आधारभूत शिक्षा र विद्यालय शान्ति क्षेत्र प्रतिबद्धता कार्यान्वयनको जिल्ला घोषणा भएको छ । जिल्ला शिक्षा कार्यालयको आयोजनामा पूर्ण साक्षर जिल्ला घोषणा गरिएको हो । पूर्ण साक्षर घोषणामा दैलेख ३४ औं जिल्ला तथा शान्ति क्षेत्र प्रतिवद्धता घोषणामा पहिलो जिल्ला भएको छ ।

शिक्षामा हुने सबै प्रकारका विभेदलाई अन्त्य गर्दै विद्यार्थीलाई भय, डर र त्रासबाट मुक्त गरी सिकाई उपलब्धि बढाएर आय आर्जनमा संलग्न गराउने उद्धेश्यका साथ पूर्ण साक्षर जिल्ला तथा शान्ति क्षेत्र घोषणा गरिएको जिल्ला शिक्षा अधिकारी विष्णुप्रसाद अधिकारीको भनाई थियो । उनले थपे, वि.सं २००७ सालमा साक्षरता २ प्रतिशत थियो । प्रत्यक वर्ष १ प्रतिशतका दरले थपिदै २०६८ को जनगणना अनुसार नेपालको साक्षरता प्रतिशत ६५ दशमल ९ प्रतिशत रहेको देखिन्छ । प्रत्येक जिल्लामा १५ देखि ६० वर्ष उमेर समूहको घरधुरी सर्वेक्षण गरी देश भरीका ४० लाख निरक्षर हरुको तथ्यॉक घटाउदै अहिले ९५ प्रतिश भन्दा बढी साक्षर बनाई ३३ जिल्ला साक्षर घोषणा भईसकेका छन् । दैलेख जिल्लाका ४३ हजार ७ सय ४१ घरधुरीमा रहेका ६४ हजार ६ सय ७४ निरक्षरमा जिल्ला शिक्षा कार्यालय र विभिन्न साझेदार सँस्थाको सक्रियताले २०७३ सम्म ९७ दशमलव ६६ प्रतिशत साक्षर भएको अधिकारीले बताए ।

साक्षरतानै देश विकासको मुल आधार हो । शिक्षाले ब्यक्तिको ब्यक्तित्व, समाज र परिवार सभ्य बनाउन सहयोग गर्ने भएकाले पनि नेपालको संविधानले शिक्षालाई प्राथमिकता भित्र राखेको छ । सन २०१५ सम्म निरक्षरता उन्मुलन गर्ने गरी २०६९ मा सरकारले साक्षर नेपाल घोषणा गरेको थियो । सरकारले अन्तर्राष्ट्रिय क्षेत्रमा गरेका विभिन्न प्रतिवद्धता को कार्यान्वयन गर्न साक्षर जिल्ला घोषणाले सहयोग गर्ने अधिकारीले बताए ।

कार्यक्रमका प्रमुख अतिथि तथा माननिय न्याधिस प्रकाशप्रसाद पण्डित शान्तीपूर्ण वातावरणमा विद्यार्थीले अध्ययन अध्यापन गर्न पाउनु उनीहरुको अधिकार भएको बताए । सामान्य लेखपढकै आधारमा साक्षर जिल्ला घोषणा मात्रै ठुलो कुरा होइन् । यसलाई अझै निरन्तरता दिनुपर्ने उनको भनाई थियो ।

अनौपचारिक शिक्षा केन्द्रका उप निर्देशक बालकृष्ण गैरेले साक्षर जिल्लाका वासिन्दा भएकोमा जिल्लावासिलाई धन्यवाद दिदै बाकी रहेका निरक्षरलाई साक्षर र साक्षरलाई निरन्तर शिक्षामा जोड्दिनुपर्ने उनको भनाई थियो । निरक्षरलाई साक्षर बनाउने राज्यको मात्रै दायित्व नभएर तपाई हामीले आ आफ्नो घरबाट पनि पहल गर्नुपर्ने गैरेले बताए ।

साक्षर जिल्लाको साँसद हुन पाएकोमा आफुलाई खुसि लागेको माननिय साँसद अम्मर बहादुर थापाले बताए । उनले थपे, कुनै पनि वहानामा अब विद्यालय बन्द हुने छैनन् र विद्यालयमा नियमित अध्यन अध्यापनको वातावरण भई रहने छ ।

जिल्ला घोषणा कार्यक्रममा सरोकारवालाहरुबाट ३ बुदे साझा प्रतिवद्धा गरिएको थियो । जसमा जिल्लामा बाकी रहेका निरक्षर लाई साक्षर र साक्षर ब्यक्तिहरुलाई निरन्तर र जीवनोपयोगी शिक्षा उपलब्ध गराउने, विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालयमा ल्याउन र गुणस्तरीय शिक्षाको प्रत्याभूति प्रदान गर्नुका साथै विद्यालय शान्ति क्षेत्र र बालमैत्री विद्यालय निर्माण गर्न पहल गर्ने सरोकारवालाहरुले प्रतिवद्धता जनाएका छन् ।

स्थानीय विकास अधिकारी तथा जिल्ला शिक्षा समितिका अध्यक्ष डिलाराम पंथी को अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो भने साक्षर तथा शान्ति क्षेत्र विद्यालय जिल्ला घोषणा गर्न सहयोग गर्ने विभिन्न निकाय तथा ब्यक्तिलाई सम्मान गरिएको थियो । कार्यक्रमको सहजीकरण जिल्ला शिक्षा कार्यालयका विद्यालय निरिक्षक धिरेन्द्र प्रसाद शर्माले गरेका थिए ।

# बालश्रम मुक्त होटल

कलम र कामी सँग खेल्दै विद्यालय जाने उमेरका बालबालिकाहरु अहिले पनि घर, होटल र कार्यालयमा सस्तो श्रममा काम गर्न बाध्य छन् । भनिन्छ बालबालिका भविश्यका कर्णधार हुन तर जो बालमैत्री ब्यवहारमा हुर्कन, खेल्न र विद्यालय जान पाउदैन उ कसरी भविश्यको कर्णधार बन्न सक्छ । समाजमा हुने खाने परिवारका वालवालिका महँङ्गो विद्यालयमा अध्ययन गर्छन् । उनीहरुको पढाई

पनि उस्तै हुन्छ । जसले दैनिक घर परिवार देखि बाहिर श्रम गर्नुपर्छ त्यस्ता बालबालिकाले उच्च वर्गका बालबालिकासँग प्रतिस्पर्धा गर्ने सम्भावनानै देखिदैन् ।

अधिकाँस बालबालिकाहरुले काम गर्ने स्थान साना देखि ठुला होटलहरु हुन । राजमार्ग छेउछाउका यस्ता होटलहरुमा बालबालिकालाई काममा लगाइएको हुन्छ । जुनसुकै प्रकारको श्रममा पनि बालबालिकाको प्रयोगलाई बाल अधिकार महासन्धिहरुले बन्देज गरेका छन् ।

केहि समय अघि देखि कर्णाली राजमार्ग छेउछाउका होटलहरुमा भने बालबालिकाको प्रयोगलाई निरुत्साहित गरिएको छ । साथै उक्त होटलहरुले बालश्रम मुक्त होटल भनेर बोर्डनै सार्वजनिक गरेका छन् । राकमकर्णालीस्थित श्रृष्टि होटलका सञ्चालक लालबहादुर शाही भन्छन् गत ६ महिना देखि बालश्रममुक्त होटल को शुरुवात मैले गरेको हु । होटलमा काम गर्नकै लागि भनेर दलित, विपन्न परिवारका १६ वर्षमुनिका बालबालिका आउने संख्यामा भने कमि नभएको उनको भनाई छ ।

राकमकर्णालीलाई राज्यले मेगासिटीको अवधारणाका लागि घोषणा पनि गरेको छ । यो कर्णाली अञ्चलको नाका पनि हो । यही स्थान भएर दैनिक सयौंको संख्यामा साना ठुला गाडी आवत जावत गर्दछन् । होटल ब्यवसायमा रोजगारीका लागि उपयुक्त ठानिएको राकमकर्णाली सँग जोडिएका कालिकोट र अछामका छिमेकी गाविसका बालबालिकाहरु आउने शाहिले बताए ।

दैलेखको पश्चिमी क्षेत्र सँग जोडिएका अछामका केही गाविसहरु एचआईभी एड्स प्रभावित परिवारको संख्या धेरै छ । एचआई भी रोगका कारण सानै उमेरमा अभिभाव गुमाए पछि पेट पाल्नैका लागि भए पनि सानै उमेरमा बालबालिकाले रोजगारी खोज्ने गरेका स्थानीयवासी खगेन्द्र शाहीले बताए । उनले थपे, होटेल लगाएत अन्य ब्यवसायमा बालबालिकाको प्रयोगलाई रोक्नु मात्रै ठुलो कुरा होइन् त्यस्ता जोखिमयुक्त बालबालिकाको पहिचान गरी उनीहरुलाई राहत हुने खालका कार्यक्रम सञ्चाल गर्न आवश्यक छ ।

जुन सुकै प्रकारको बालश्रमलाई पनि रोक्नु पर्ने लामो समय देखि बालअधिकारको क्षेत्रमा काम गरेका सामाजिक सेवा केन्द्रका संस्थापक अध्यक्ष हिरासिँह थापाको भनाई छ । उनले थपे, कानुन सम्मत जोखिमयुक्त काममा बालबालिकाको प्रयोग गर्न पाईदैन् । अहिले राकमकर्णाली स्थित सबै होटलहरु बालश्रममुक्त होटेल रहेका छन् ।

## पढाई शिविर सहजकर्ताको लागिः क्षमता अभिबृद्धि तालिम

पढाई शिविर सहजकर्ताहरुको क्षमता अभिबृद्धि गर्ने उद्धेश्यले सेभ द चिल्ड्रेनको साझेदारीमा सामाजिक सेवा केन्द्र(सोसेक) नेपाल, दैलेखको सहयात्रा परियोजनाले १ दिने अभिमुखिकरकण तालिमको आयोजना गरेको छ । दलित तथा सिमान्तकृत समुद्मयका वालवालिका जस्को सिकाई उपलब्धि न्यून छ त्यस्ता वालवालिकालाई पढाई शिविर मार्फत उनिहरुको सिकाई उपलब्धिमा बृद्धि गर्ने गरिन्छ ।

प्रत्येक शनिवार सञ्चालन गरिने पढाई शिविरमा विपन्न समुदायका सिकाई उपलब्धि कम भएका वालवालिकालाई भाषा, गणित र अनुसन्धानमा आधारित भएर गित तथा खेलको माध्यबाट सिकाईने परियोजनाका वाशुदेव उपाध्यायले बताए । पठ्न शिविर विद्यालय भित्र अथवा वाहिर जहा पनि सञ्चालन गर्न सकिने उनको भनाई थियो । उनले थपे, कक्षा २ लाई सञ्चालन गरिने शिविर आवश्यकता अनुसार १ र ३ मा पनि सञ्चालन गर्न सकिन्छ ।

शिविरमा सहभागी वालवालिकाको मासिक मूल्याँकन गरिन्छ । महिना दिन सम्म सञ्चालित कक्षामा पनि राम्रो सिकाई बृद्धि हुन नसकेका वालवालिकालाई थप पहल गरिन्छ । नेपाल सरकारले तयार पारेको पाठ्यक्रममा आधारित भएर सञ्चालन हुने शिविरमा हरेक दिन फरक फरक विषयवस्तुको बारेमा छलफल हुने उनले बताए ।

वालवालिकाहरुको सिकाई उपलब्धिमा बृद्धि गर्नका लागि पढाई शिविरले सहयोग गरेको तालिमका सहभागी सेरी गाविसका सहजकर्ता कौशिला सलामीले बताईन् । उनले थपिन, निरन्तर सिकाईका लागि पढाई शिविर आवश्यक छ । राम्रो परिवारका वालवालिका त घरमा पनि पढ्छन् तर कमजोर परिवारका वालवालिका विद्यालयमा पनि नियमित हुदैनन् । त्यस्ता कमजोर वालवालिकाको लागि शिविर सहयोगी बनेको उनको भनाई थियो ।

तालिममा सिकेका कुरालाई कार्यक्षेत्रमा प्रतिवद्धतासहित लागु गर्ने राकमकर्णालीका हिक्मत माझीले बताए । वालवालिकालाई सिकाउनु हाम्रो जिम्मेवारी हो । वालवालिका भविश्यका कर्णधार भएको हुदाँ पनि गुणस्तरीय शिक्षामा जोड दिनु पर्ने माझीको भनाई थियो ।

सामाजिक सेवा केन्द्रमा कार्यरत आशिँक वा पूर्णकालिन जो सुकै कर्मचारीले पनि समुदायमा गईसकेपछि वालविवाह विरुद्ध अभियान सञ्चालन गर्नुपर्ने संस्थाका संस्थापक अध्यक्ष हिरासिंह थापाले बताए । उनले थपे, तपाईहरु गाउमा काम गर्नु हुन्छ । अहिले पनि ग्रामिण क्षेत्रमा वालविवाह कायम नै रहेको छ । वालविवाह बाट हुने समस्या र कानुनी कार्वाहीको बारेमा जानकारी गराउदा न्यूनिकरण गर्न सकिने थापाको भनाई थियो ।

वालविवाह बाट हुने दिर्घकालिन असरको बारेमा धेरै जनालाई जानकारी छैन् । सबै भन्दा ठुलो समस्या त दलित समुदायमा देखिएको छ । दलित बच्चा जन्मिना वित्तिकै भत्ता पाउछन् । उमेर नपुगेको विवाहीत जोडीको विवाह दर्ता हुदैन । विवाह दर्ता नभए वच्चाको जन्म दर्ता गर्न मिल्दैन् । जन्म दर्ता नभए दलित वच्चाले भत्ता पाउदैनन् । त्यसकारण पनि वालविवाह रोक्न तपाई हामी सबैको जिम्मेवारी भएको थापाले बताए ।

कसै कसैले हामीलाई आरोप लगाउने गर्छन् वालविवाह रोक्दा संस्थालाई पैसा आउछ भनेर मुद्धा हाल्दैमा वा विवाह रोक्दैमा नत संस्थालाई नत ब्यक्तिलाई पैसा आउने हो । सामाजिक सेवा केन्द्र जहिले पनि समुदायमा भएका कुरिती र कुप्रथाप विरुद्ध काम गर्ने भएको हुँदा पछि आउने समस्यालाई अहिलेनै न्यूनिकरणका लागि हाम्रो पहल हो । पढाई शिविर सञ्चालन गरिसकेपछि विद्यार्थीको सिकाई उपलब्धिमा अनिवार्य वृद्धि हुनुपर्ने थापाले जोड दिए । अभिमुखिकरण तालिममा परियोजना सञ्चालित १० गाविसका २८ जना सहजकर्ताको सहभागीता रहेको थियो ।

## बालविवाह रोकथाम गर्न : ग्रामिण क्षेत्रमा सार्वजनिक सुनुवाई

जिल्लामा बालविवाह रोक्न विभिन्न क्षेत्रबाट पहल भईरहेको बेला जिल्ला प्रहरी कार्यालय र जिल्ला वाल कल्याण समिति, दैलेखले जनचेतना जगाउने उद्धेश्यले बालबिवाह विरुद्धको सार्वजनिक सुनुवाई सम्पन्न गरेको छ । स्थानीय निकाय लगाएत विषयगत कार्यालयले सेवाको गुणस्तर वृद्धिका लागि सार्वजनिक सुनुवाई आयोजना गर्दै आएकोमा बालविवाह विरुद्धको सवाल केन्द्रित सार्वजनिक सुनुवाई गाउस्तरमै गरेको यो पहिलो कार्यक्रम हो ।

सेभ द चिल्ड्रेन र सामाजिक सेवा केन्द्र (सोसेक) दैलेखको सहयोगमा सञ्चालित चामुण्डा गाविसमा सम्पन्न उक्त कार्यक्रमको मुख्य उद्धेश्य बालविवाहलाई न्यूनिकरण गर्नु रहेको सामाजिक सेवा केन्द्रका संस्थापक अध्यक्ष हिरासिंह थापाले बताए । उनले थपे, कम उमेरमा विवाह गर्दा पढाई छुट्ने, आर्थिक समस्या बढ्नुका साथै बेरोजगार हुने, उपचार खर्च र सन्तान धेरै जन्मने हुदाँ गरिबी झन बढ्ने सम्भावना देखिन्छ । सुनुवाईमा उपस्थित बालबालिका, युवा तथा सर्वसाधारणले बालविवाह सम्बन्धि कानुनी प्रक्रिया र यसको रोक्थाम गर्दा हुने सम्भावित घटनाको बारेमा ब्यापक प्रश्न उठाएका थिए ।

मुलुकी ऐन २०२० अनुसार संरक्षकको मञ्जुरी भए वा नभए पनि विवाह गर्नको लागि केटा केटीको उमेर २० वर्ष अनिवार्य पुग्नुपर्ने ब्यवस्था रहेको प्रहरी नायब उपरीक्षक केदार रजौरेको भनाई थियो । उनले थपे, यदि कसैले गरिहालेमा उमेर अनुसार ३ महिना देखि ३ वर्ष कैद र १ हजार देखि १० हजार सम्म जरिवाना वा दुवै हुन सक्ने ब्यवस्था छ ।

जिल्लामा अहिले सम्म ३५ बालबिवाह रोकिएको जानकारी दिदै प्रहरी नायव उपरिक्षक केदार रजौरेले भने सुन्दा तपाईहरुलाई नमिठो लाग्ला विवाह रोक्ने यो कस्तो नियम हो । यो कानुन अन्तर्राष्ट्रियस्तरमै बनाईएका कारण तपाई हामी सबैले स्विकार्नु पर्ने बाध्यता भएको रजौरेको भनाई थियो ।

बालविवाह रोक्दा वा छोडपत्र गराउदा आत्महत्या गर्ने धम्की आउछ् । कानुन अन्तर्राष्ट्रियस्तरका विज्ञले बनाउछन् । कानुन बनाउदा आउन सक्ने समस्याको बारेमा पनि ब्यापक छलफल गरिएको हुन्छ । यदी कसैले आत्महत्यानै गरिहाल्यो भने पनि कानुनले महत्व नदिने रजौरेले बताए । बालविवाह रोक्दा आत्महत्या गर्ने ब्यक्ति देशको सभ्य नागरिक पनि नभएको बताउदै रजौरेले भने कसुर विना कसैले आत्महत्या गऱ्यो भने अरुलाई दोष दिन मिल्दैन् । हिन्दी फिल्ममा हुने घटनाहरु मनोरञ्जनका लागि हुन । नेपाली कानुन त्यस्तो नभएकाले अनुसारण गर्न नमिल्ने उनको भनाई थियो ।

सानो उमेरमा प्रजनन अङ्गहरुको पूर्ण रुपमा विकास भैनसकेको हुदाँ पनि बालविवाह रोक्नुपर्ने सुरक्षित मातृत्व सञ्जालकी केन्द्रिय सदस्य सीता थापाको भनाई थियो । उनले थपिन, मातृमृत्यु, शिशुमृत्युदर बढ्ने हुनुका साथै पाठेघरको क्यान्सर लगायत यौनजन्य रोगहरुले गर्दा शारीरिक तथा मानसिक विकासमा बाधा पुग्छ ।

अभिभावकको मञ्जुरीविनानै १४/१५ वर्षका केटाकेटीले विहे गर्छन् । विहे रोक्दा हुन सक्ने घटनाहरुको बारेमा पनि सुरक्षा निकाय गम्भिर होइदिनुपर्नेमा सहभागी कल्पना आचार्यले सुझाव राखेकि थिईन् । स्थानीयस्तरमा जनचेतना जगाउदा जगाउदै पनि बालविवाह भैरहेको दुःख ब्यक्त गर्दै सरस्वती बाल क्लवका दिपक बड्डवालले भने उनीहरुलाई विवाहनै हुन नदिने बातावारणको श्रृजना गर्न आवश्यक छ ।

२० वर्ष उमेर नपुगेका बालविवाहको रोक्थाम गर्ने, समाजमा हुने गरेका बालविवाहमा सहभागी नहुने, त्यस्तो विवाह भैहालेमा सम्बन्धित निकायलाई खबर गर्ने, समाजमा हुने सबै प्रकारका हिँसाको विरुद्धमा काम गर्ने लगाएतका सार्वजनिक प्रतिवद्धता कार्यक्रममा गरिएको छ । उक्त सुनुवाईमा जिल्ला विकास समितिका सम्शेर बहादुर शाही, महिला तथा बालबालिका कार्यालयका पदमबहादुर खत्री, पत्रकार महासंघ जिल्ला शाखा दैलेखका पूर्व अध्यक्ष पुष्कर थापा र सहयात्रा परियोजनाका रत्न बुढाको सहभागीता रहेको थियो ।

## नगरौं बिहेको कुरा भएको छैन बीसवर्ष पुरा

कानूनले तोकेको उमेर नपुग्दै गरिने विवाहलाई बालविवाह भनिन्छ । कसैले पनि बीस वर्ष भन्दामुनिको उमेरमा छोराछोरीको विवाह गर्नु हुँदैन ।

**बीस वर्ष भन्दामुनिको उमेरमाविवाह गरेमा हुने समस्याहरुः**

- कम उमेरमा विवाह गर्दा पढाइ छुट्ने, आर्थिक समस्या बढ्नुको साथै बेरोजगार हुने,उपचार खर्च बढ्ने, सन्तान धेरै जन्मने हुनाले गरिबीझन् बढ्ने ।
- आफै कलिलो उमेरको हुने हुँदा सन्तानको राम्ररी पालनपोषण गर्न सक्तैनन् ।
- सानो उमेरमा प्रजनन् अङ्गहरुको पूर्ण रुपमा विकास भैनसकेको हुने हुदाँ मातृमृत्यु, शिशुमृत्युदर बढ्ने हुनुका साथै पाठेघरको क्यान्स र लगायत यौनजन्य रोगहरु लाग्नुका साथै अन्य शारीरिक तथा मानसिक विकासमा बाधा पुग्छ ।
- कम उमेरमा विहे गर्दा बहुविवाह, घरेलु हिंसार सम्बन्ध विच्छेद बढ्ने गर्छ ।

**मुलुकी ऐन २०20 अनुसार विवाहगर्ने उमेरः**

- संरक्षकको मन्जुरी भएमा केटा र केटीको उमेर २०वर्ष हुनु पर्ने ।
- संरक्षकको मन्जुरी नभएमा केटा र केटीको उमेर २० वर्ष हुनु पर्ने ।
- दर्ता विवाहको लागि केटा र केटीको उमेर २० वर्ष हुनुपर्ने ।



**मुलुकी ऐन २०20 अनुसार बालविवाहगर्दा हुने कानूनी सजायः**

| उमेर | सजाय |
|---|---|
| १० वर्ष मुनि | ६ महिना देखि ३ वर्ष कैद र १,००० देखि १०,००० जरिवाना। |
| १० वर्षमाथि | ३ महिना देखि १ वर्षसम्म कैद र ,५००० सम्म जरिवाना। |
| १४ वर्षमाथि | ६ महिना सम्म कैद वा १०,००० सम्म जरिवाना वा दुवै । |
| २० वर्ष नपुगेको | ६ महिना सम्म कैद वा १०,००० सम्म जरिवाना वा दुवै । |
| हद म्याद | ३ महिना भित्र नालिस नदिए लाग्न नसक्ने । |

## बालविवाह भएको थाहा पाएमा जानकारी गराउने निकायहरुः

जिल्ला प्रहरी कार्यालय दैलेख ०८९-४२०११३/०८९-४२०१२५/१००

जिल्ला बालकल्याण समिति, दैलेख ०८९-४२०६०२

सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल, दैलेख ०८९-४१००८६/०८९-४१०१८७/९८५८०५१०८९

निशुल्क टेलिफोन नं : १६६०८९४१०१०३

**"बालविवाह रोकौं, बालअधिकारको सम्मान र संरक्षण गरौं"**

सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल, दैलेख

जिल्ला प्रहरी कार्यालय, दैलेख

जिल्ला बालकल्याण समिती, दैलेख

Save the Children | terre des hommes Help for Children in Need 50 years | Aide à l'Enfance de l'Inde et du Népal | actionaid

# बालविवाह न्यूनीकरणमा बालबालिकाको भूमिका

*-दिपेन्द्र वि.सी.*

नेपालको कानुनी प्राब्धान अनुसार १६ वर्ष र अन्तराष्ट्रिय कानुनी मापदण्ड अनुसार १८ वर्ष मुनीकालाई बालबालिका भनिन्छ । पहिलो र दोसो विश्वयुद्ध पछि विश्वका विभिन्न देशका प्रतिनिधिले बालबालिकाको अधिकारका लागि विश्व बाल महासन्धीको सम्झौता गरे । नेपालमा प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्रको विकास संगै बालबालिकाले पुर्ण अधिकार पाएका हुन । बालबालिकाले अधिकार त पाए तर कर्तब्यलाई विर्सेर बाल विवाह जस्तो समस्या उत्पन्न गरेका छन् । बालविवाह भनेको कानुनले तोकिएको उमेर २० वर्ष पुरा नभई बाल्यवस्थामै बालबालिकाले गर्ने विवाह हो । पछिल्लो चरण बाल विवाहको संख्यामा बृद्धि हुदै गएको छ ।

हाम्रो देश नेपालमा गरिवी वेरोजगारी, अशिक्षा, अन्धविश्वास, सामाजिक चालचलन, अभिभावकमा जनचेतनाको कमी, बालबालिकाको आफ्नै गैह्रजिम्मेवारी, सञ्चारका साधनको दुरुपयोग, साथीभाईको लहलहै जस्ता कारणले गर्दा बालविवाह दिनदिनै बढेका छन् । बालविवाह गर्दा समाजमा ठुलो समस्या उत्पन्न हुने गरेको छ । बालबालिका देश विकासका कर्णधार भएकाले राष्ट्रको एउटा बलियो खम्बाका रुपमा लिन सकिन्छ । बाल विवाह गर्ने प्राय ः जसो माध्यामिक तहमा अध्ययनरत हुन्छन् । देशको सचेत नागरिकको हैसियतले बालबालिकाले आफ्नो भूमिका निभाउनुपर्छ । बालबालिकाले बालविवाह गर्दा समाजमा अशान्ति छाउने, वहुविवाह, सम्बन्ध विच्छेद, घरायसी झगडा, बच्चा जन्माउन नसक्दा आमा तथा शिशुको ज्यान जोखिममा, आमा तथा शिशुको स्वास्थ्य कमजोर, मानसिक, शारीरिक, बौद्धिक, संवेगात्मक विकासमा बाधा भई समस्या उत्पन्न, परिपक्व नहुदाँ पाठेघर क्यान्सर, यौन रोगहरु लाग्ने, बालबालिकाले पढ्न लेख्न नपाउने, स्वाथ्य, शिक्षा, मनोरन्जन आदि अधिकारहरु नपाउन् जस्ता समस्याहरु उत्पन्न हुन्छन् ।

बाल विवाह बाट उत्तपन्न हुने समस्याहरुको बारेमा गाउ, समाजमा जानकारी दिने, बालविवाह बाट हनु वेफाइदाहरु, २० वर्ष उमेर पुरा भई आफ्नो निर्णय आफै गर्न सक्ने भए पछि हुने फाईदाहरुको बारेमा अभिभावक तथा किश्वर किश्वरीलाई जानकारी गराउन आवश्यक छ । २० वर्ष पुगे मात्र विवाह गर्ने, बालविवाह रोक्नुपर्छ भनी स्थानीयस्तरमा जनचेतना जगाउने, प्रचार प्रसार गर्ने, सडक नाटक, नाटक, कविता, कथा, गजल कविता मार्फत बालविवाह रोक्ने रेडियो, पत्रपत्रिका, इमेल, इन्टरनेटबाट बालविवाह रोक्न पहल गर्ने, बालविवाह गरे गाउ समाज राष्ट्रबाट बहिष्कार गर्न अभिभावकलाई सचेत गराउने र बाल बालिकाले आफ्नो क्षेत्रबाट बहिष्कार गर्ने गर्नुपर्दछ ।

बालवालिकाले आफ्नो क्षमता अनुसार भूमीका निर्वाह गर्नु पर्छ । मुलुकी ऐन २०२० ले १० वर्ष मुनिको विवाह भएमा ६ महिना देखि ३ वर्षसम्म कैद र १,००० देखि १०,००० सम्म जरिवाना वा दुवै हुने ब्यवस्था गरेको छ । त्यसैगरी १० वर्ष भन्दा माथीको विवाह भएमा ३ महिना देखि १ वर्ष सम्म कैद र ५,००० सम्म जरीवाना, १४ वर्ष भन्दा माथीको विवाह भएमा ६ महिना कैद वा १०, ००० सम्म जरिवाना र २० वर्ष नपुगी विवाह गरेमा ६ महिना कैद वा १०,००० सम्म जरिवाना वा दुवै हुने ब्यवस्था गरेको छ ।

यस्ता कानुनी प्रक्रियाबारे बालबालिकाले गाउ, घर, परिवार, समाज विद्यालयमा जानकारी दिने, बालविवाह गरेको भए बालबालिकाले गोप्य रुपमा उजुरी गर्ने र अरु अभिभावक तथा जनमानसलाई उजुरी गर्ने, कानुनी प्रक्रिया सिकाउने, बालविवाहको भोजभतेरमा सहभागी नहुने गर्न सकिन्छ । त्यसैगरी बालविवाह भएको जानीजानी सहभागी भए पनि ६ महिना कैद वा १० हजार जरिवाना हुन सक्ने ब्यवस्था गरेको छ ।

बालबालिकाले २० वर्ष पुरा भई गरेको विवाहलाई स्विकार गर्ने र बालविवाह भएमा वहिस्कार गर्ने गर्नुपर्छ । अभिभावकलाई पनि केटा केटीको उमेर २० वर्ष पुगी गरेको विवाहमा सहभागी हुन सल्लाह दिने र बालविवाह भए वहिष्कार गर्न सहयोग गर्नुपर्छ । बालबालिकाको हितमा काम गर्ने, बाल विवाह रोक्ने, प्रशासनिक निकाय, सरकारी तथा गैह्रसरकारी संघसंस्था सँग सहकार्य गर्ने, बाल विवाह रोक्ने प्रक्रिया बारे तालिम लिने र रोक्ने प्रक्रिया बारे सवैलाई सिकाउनुका साथै बालक्लव गठन गरी वालविवाह रोक्न परिचालन गर्नुपर्छ ।

बाल विवाह विरुद्ध उजुरी गर्ने, सरकारी तथा गैह्रसरकारी संघ/संस्था सँग सम्पर्क गर्ने, उनीहरुलाई राज्यबाट दिने सेवा सुविधाको कटौतीको माग गर्ने गर्नुपर्छ । बालविवाह रोक्न बालबालिकाको मुख्य भूमिका हुन्छ । नेपालमा बाल विवाह रोक्न नेपालको संविधान २०७२ को कार्यान्वयन गर्न आवश्यक रहेको छ । २०७२ को बाल दिवसको नारा सम्वर्द्धन बाल अधिकारको, कार्यान्वयन संविधानको अनुसार बालबालिकाले पाउनुपर्ने अधिकारको सम्बर्द्धन गर्ने स्पष्ट प्रभावकारी उचित अधिकार राख्ने, हाल सम्म बालबालिकाले पाएको अधिकारको संरक्षण तथा सम्बर्द्धन गर्ने गर्नुपर्छ र गुम्न दिनु हुदैन् । बालबालिकाले आफ्नो ज्यान प्रवाह नगरी लिएको अधिकारको संरक्षण गर्न, बालबालिका तथा नेपाल सरकार जिम्मेवार हुनुपर्छ ।

बालबालिकाले पाएका अधिकारको संरक्षण गरिएको हुन्छ । नेपालको संविधान २०७२ जारी भए मात्र बाल अधिकार को संरक्षण हुन्छ । नेपालको संविधान २०७२ बाट बाल बालिकाले अधिकार र अवसर प्राप्त गरी बालविवाह रोक्न सक्छन् ।

नेपालको संविधान २०७२ को कार्यान्वयन तत्काल गर्नुपर्ने आवश्यकता रहेको छ । यसबाट सबै क्षेत्रको विकास हुन्छ । नेपालमा बाल विवाह जस्ता जटिल समस्या न्यूनीकरण गर्न सकिन्छ । नेपालको संविधान २०७२ कार्यान्वयन भए मात्र बाल विवाह न्यूनीकरण गर्न हुन सक्छ । संविधानमा भएका प्राब्धानको बारेमा जनतालाई बुझाउनुका साथै कार्यान्वयनका लागि पहल गर्नुपर्छ । संविधानको कार्यान्वयनबाट बालविवाह न्यूनिकरण हुनुका साथै बाल अधिकारको सम्बर्द्धन र संविधान कार्यान्वयनमा सहयोग गरी बालविवाह न्यूनिकरणमा भूमिका खेल्नुपर्छ ।

बाल विवाह रोक्न नेपाल सरकारको २००८ देखि २०१५ को रणनीतिलाई बालबालिकाले आफ्नो क्षेत्रबाट सहयोग गर्नुपर्छ । बाल विवाहलाई तल्लो तह देखिनै उन्मुलन नगरे भविश्यमा यसको भयावह स्थिती देखिने सम्भावना पनि उत्तिकै छ । २० वर्ष उमेर पुरा गरी आत्मनिर्भर भएपछि मात्र विवाह गर्दा राम्रो हुन्छ । गाउ समाज, राष्ट्रमानै बाल विवाह रोक्न प्रचार प्रसारका लागि क्षमता अनुसार कार्यहरु गर्नुपर्छ । संघ/संस्थासँगको सहकार्यमा बालबालिकाको क्षमता विकास गरी बाल विवाह न्यूनिकरणका लागि सकारात्मक भूमिका खेल्नु पर्छ ।

बाल विवाहलाई बालबालिकाले रोक्न खोज्दा विभिन्न खालका चुनौतीहरु आउन सक्छन् । ति चुनौतिहरुबाट विचलित नभएर एकजुट भए मात्रै वालविवाह रोक्न सफल भईन्छ । यसका लागि राजनितिक दल, शिक्षक, संघ/संस्था, नेपाल सरकार, नेपाली युवा पुस्ता, कर्मचारी सबैले सहयोग गर्नुपर्छ । आजका बालबालिका भोलीको देशका कर्णधार हुन, देश चलाउने जिम्मेवार नागरिक पनि हुन । सानै उमेरमा विवाह गर्दा उनीहरुको भविश्य बिग्रिने र समग्र समाजमा त्यसको नकारात्मक प्रभाव देखिन्छ । त्यसकारण पनि तत्काल बाल विवाह रोक्न जरुरी छ ।

**जिल्लास्तरीय प्रतियोगितामा प्रथम भएको निवन्ध**





जिल्लास्तरीय बाल संरक्षण तथा घटना व्यवस्थापन तालिम

# स्थानीय तहको निर्वाचनमा बालबालिकाको प्रयोग नगरौं

राजनैतिक दल, उम्मेदवारले निर्वाचन अभियानमा बालबालिका र विद्यालयको प्रयोग गर्नु निर्वाचन आचार संहितको उल्लघन हो ।

- बालबालिकालाई जुलुस, र्‍याली, आमसभा, वैठक वा भेलामा सहभागि गराउन तथा निर्वाचन प्रचार प्रसार र निर्वाचन संग सम्बन्धित अन्य कुनै पनि काम वा गतिविधिमा प्रयोग गर्न र गराउन हुदैन ।
- विद्यालय र विद्यालय हाताभित्र आमसभा, माइकि लगायत निर्वाचन प्रचारका काम गर्नु हुदैन ।
- धार्मिक, पुरातात्विक वा ऐतिहासिक भवन, स्मारक स्थल वा सरकारी वा सार्वजनिक भवन र शैक्षिक संस्थाको भित्ता वा पर्खालमा कुनै पनि किसिमको पर्चा टाँस्न हुँदैन



# बाल अधिकारको संरक्षण गरौ

बालबालिका तथा विद्यालयलाई शान्ति क्षेत्र बनाउनु सबै राजनैतिक दलको दायित्व हो ।

सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल, दैलेख

जिल्ला प्रहरी कार्यालय, दैलेख

जिल्ला बालकल्याण समिती, दैलेख

Save the Children | terre des hommes Help for Children in Need 50 years | Aide à l'Enfance de l'Inde et du Népal | actionaid

बालबलिकाको आपत्कालिन उद्धार, राहत, संरक्षण तथा परामर्श सेवाको लागि सोसेकद्वारा दैलेख जिल्लामा संचालित




# बाल हेल्पलाइन

निःशुल्क टेलिफोन नं. १०९८ (दश-नौ-आठ)

1098 (Ten-Nine-Eight)

यो नम्बरमा फोन गर्दा पैसा लाग्दैन



## बाल हेल्पलाइन के का लागि ?

- बाल विवाह हुन लागेमा वा भएमा ।
- बालबालिकाको बेचबिखन तथा ओसार-पसार हुन लागेमा वा भएमा ।
- बालबालिका हराएमा तथा अलपत्र अवस्थामा फेला परेमा ।
- कुनै पनि ढंगले बालअधिकारको उल्लंघन भएमा ।
- बाल हेल्पलाईनलाई सहयोग गर्न वा त्यसबारे थप जानकारी चाहिएमा ।
- बालबालिका विरुद्ध कुनै घटना वा अवराध भएमा ।
- बालबालिका माथि श्रमशोषण, यौनशोषण, दुर्व्यवहार र कुनै पनि प्रकारको हिंसा भएमा ।
- कुनै बेवारिस बालबालिका विरामी, दुर्घटना वा प्रकोपमा परेमा ।
- परित्यग वा विछोड भएमा कुनै बालबालिका आफ्नो घर परिवारमा फर्कन चाहेमा ।
- बालबालिकालाई मनोसामाजिक विमर्श तथा कानूनी परामर्शको आवश्यकता परेमा ।

सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल, दैलेख

महिला तथा बालबालिका समाज कल्याण मन्त्रालय
केन्द्रिय बाल कल्याण समिति
जिल्ला बालकल्याण समिति
दैलेख

Nepal Telecom

जोखिमपूर्ण बालबालिकाको संरक्षणका निम्ति यो सेवा हरेक दिन संचालित छ ।

**थप जानकारीका लागि** : सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल, दैलेख

फोन नं : ०८९-४१०२२२, बाल हेल्पलाईन : १०९८, निशुल्क टोल फ्रि नं. : १६६०८९४२००१

Save the Children · terre des hommes Help for Children in Need 50 years · Aide à l'Enfance de l'Inde et du Népal